# जानकी गाउँपालिका सभामा प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम

## जानकी गाउँपालिका

बाँके

२०७७ असार ८

यस सम्मानित गाउँसभाका सदस्य ज्यूहरु, विषयगत समितिका सदस्य ज्युहरु, उपस्थित राजनैतिक दलका नेता ज्युहरु तथा सम्पूर्ण अतिथि ज्युहरु, गाउँसभाको यस ऐतिहासिक तथा गरिमामय बैठकमा उपस्थित संचारकर्मी साथीहरु, किसान, मजदुर, जानकी गाउँपालिका भित्रका विभिन्न विद्यालयका प्रधानध्यापक, प्राध्यापक, उद्योग व्यवसायी, श्रमजिवी, चिकित्सक, सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रतिनिधि,विकास साझेदार संस्थाका प्रतिनिधि र सम्पूर्ण राष्ट्रसेवक निजामित कर्मचारी तथा सुरक्षा निकाय प्रतिनिधिहरु,म यो आजको लोकतान्त्रिक गणतन्त्र व्यवस्था र सम्पूर्ण राजनीतिक परिवर्तनका लागि आफ्नो जीवन गुमानउनु हुने सबै शहिद प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

जानकी गाउँपालिकाको यो आठौ गाउँ सभा समक्ष आर्थिक बर्ष २०७७०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ । यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना लागि नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलनहरुको स्मरण गर्दछु साथै देश र जनताको लागि आफ्नो ज्यानको आहुती दिनु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति उच्च सम्मान प्रकट गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपालको संविधानको सफल कार्यान्वयनको खुड्किलोको रुपमा रहेको संघीय संरचना अन्तरगत स्थानीय तहको निर्वाचन भई स्थानीय सरकारको गठन भएको ३ वर्ष भई सकेको कुरा सबैमा स्मरण गराउद छु ।
कोरोना भाईरस (कोभिड-१९) को यस महामारी बाट चपेटमा परिरहेको अवस्थामा म आज यस सभालाई सम्बोधन गर्दैछु ।विश्व स्तरमै यस महामारीको कारणले मानव जीवनमा परिरहेको असर प्रति हाम्रो देश नेपाल अछुतो रहेन त्यसमा पनि हाम्रो पालिकामा पनि यस महामारीले ठुलो संकट नै उत्पन्न गरायो र आजको दिन सम्म पनि हामी यसैको बिरुद्ध लडिरहेको छौ । स्रोत साधनको अभावमा पनि कोरोना भाइरससंग लडिरहेका छौ । यस महामारीको कारणले नेपालभित्र र नेपाल बाहिर जीवन गुमाउने नेपाली प्रति साथै अन्य राष्ट्रका नागरिक प्रति गहिरो समवेदना ब्यक्त गर्दछु । यस महामारीमा अग्रपंक्तिमा रहेर काम गर्नु हुने जनप्रतिनिधिहरु,स्वास्थ्यकर्मी,कर्मचारी,राजनीतिक दल,नागरिक समाजका अगुवाई स्वयं सेवक लगायत सम्पूर्णलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

संविधानले व्यवस्था गरे अनुरुपका स्थानीय तहहरु संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका आधार र सम्वृद्धिको पहिलो खुड्किला हुन् । स्थानीय सरकार नेपाली जनताको सबैभन्दा नजिकको सरकार हो । नेपालको संविधानको पूर्ण कार्यान्वयनसँगै सम्वृद्धिका अभ्यासहरुले नागरिकको जीवनमा सुख, शान्ति,विकास र समृद्धि हुनेछ भन्नेमा आशावादी छु । यस ऐतिहासिक गाउँसभा मार्फत नारामा मात्र सिमित नरही कार्यन्वयनका रुपमा विकासका दृष्टिकोणले नागरिकहरुका जीवनमा परिवर्तन ल्याउने कुरामा विश्वस्त रहदै जानकी गाउँपालिकालाई प्रदेश नं.५ कै नमूना, प्रविधियुक्त, व्यवस्थित र सम्वृद्ध बनाउने दृढ लक्ष्य लिईएको छु ।

**आदरणीय यस सभाका सदस्य ज्यूहरु**

सबै बालबालिका विद्यालयमा, कृषकका लागि उचित सिंचाई, मल, विउ र कृषि औजार, बजार, सवै नागरिकले स्वच्छ सर्वशुलभ खानेपानी, गुणस्तर र फराकिला सडकहरु, व्यवस्थित ढल निकास, पार्क, मनोरन्जनस्थल, व्यवस्थित कृषि वजार, सार्वजनिक तथा व्यक्तिगत शौचालय, स्वास्थ्यमा सवैको पहुँच, हरियाली र स्वच्च बातावरणका लागि निश्चित खुल्ला क्षेत्र, व्यवस्थित प्रशासनिक क्षेत्र तथा कार्यालय, औद्योगिक क्षेत्र, यातायातमा सवैको सहज पहुँच, पारदर्शी र मितव्ययी प्रशासन, सेवाग्राही मैत्री कर्मचारी संगठनको ढाँचा निर्माण, ज्येष्ठ नागरिक, बालबालिका तथा अपाङ्गमैत्री संरचना निर्माण, संचार तथा सूचना प्रविधिमा सबैको सहज पहुँच पुगाई जनताको आर्थिक, सामाजिक, स्वास्थ्य, शैक्षिक, धार्मिक, साँस्कृतिक, राजनीतिक विकासको लागि काम गर्ने प्रण

गर्दै यस गाँउपालिकाको नीति तथा कार्यक्रम वजेट निर्माण गर्नुपर्ने बृहत् दायित्व र जिम्मेबारीलाई आत्मसाथ गर्दै आगमी आर्थिक वर्ष २०७७/०७८ को लागि देहाय बमोजिम नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु। साथै नीतिलाई गाउँपालिकाको मुल नीति र क्षेत्रगत नीति गरी देहाय बमोजिम उल्लेख गरेको छु।

**मुलनीति**

१. "स्वास्थ्य,शिक्षा,कृषि र पूर्वाधार, जानकीको बिकासको मूल आधार" भन्ने मुल नारा यस नीतिको रहनेछ।

२. संविधानमा व्यवस्था भएको स्थानीय तहको अधिकारका सूची भित्र रही बार्षिक अल्पकालीन र दिर्घकालिन योजना बनाई कार्यक्रमहरु कार्यान्वयन गर्ने नीति लिइनेछ।

३. विकास र सुशासन,गा.पा.को सक्षम प्रशासन मार्फत सुखी र खुसी जानकीवासी बनाइने छ ।

४. संघ र प्रदेशको नीति तथा योजना, बार्षिक वजेटको उद्धेश्य तथा लक्ष्य र नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मंचमा व्यक्त गरेका प्रतिवद्धता र सम्झौता समेतलाई मध्यनजर गरी गाउँपालिकाका योजना तथा कार्यक्रमहरु तयार गरी कार्यान्वयन गर्ने नीति लिइने छ।

५. पूर्ण समावेशी र अर्थपूर्ण सहभागी योजना तर्जुमा पद्धतिको अवलम्बन गरी प्राथमिकता प्राप्त योजनाहरु छनौट र कार्यान्वयन गर्ने नीति लिइनेछ।

६. सुशासन, पारदर्शीता, जवाफदेहीता र मितव्ययी उत्तरदायी शासन प्रणाली तथा भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने नीति लिइनेछ।

७. लोककल्याणकारी राज्यको अवधारणा बमोजिम सामाजिक, आर्थिक, जातिय तथा साँस्कृतिक रुपमा पछाडी परेका वर्ग, अल्पसंख्यक समुदाय, दलित, मधेशी, मुस्लिम, आदिवासी जनजाती, महिला, ज्येष्ठ नागरिक, बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्तिको क्षमता अभिवृद्धि गरी समान अबसरमा पहुँच लागि विशेष कार्यक्रम तर्जुमा गरी लागु गर्ने नीति लिइनेछ।

८. स्थानीय श्रोत साधनको पहिचान गरी यसको अधिकतम उपयोग गर्ने नीति लिइने छ।

९. वेरोजगारी न्यूनीकरणका लागि आधुनिक कृषि प्रणाली, वैज्ञानिक पशुपालनका कार्यक्रम तथा औद्योगिककरण साथै घरेलु तथा लघु उद्यमशिलताका माध्यमवाट रोजगारीको सृजना गर्ने नीति लिइनेछ।

१०. गाउँपालिकावाट प्रवाह गरिने शिक्षा, स्वास्थ्य, सामजिक सुरक्षा लगायतको सेवा सुविधाहरु सेवाग्राहीहरुको सहज पहुँच पुर्‍याउने नीति लिइने छ।

११. सरकारी, निजी क्षेत्र, सहकारी र गैर सकारकारी क्षेत्रको क्षमता र विषय विज्ञतालाई अधिकतम उपयोग गर्ने तथा सहकार्य र साझेदारीमा कामगर्ने नीति PPP(Public Private Partnership) Model को आधारमा लिईनेछ।

१२. गाँउपालिका क्षेत्रको विकास र नागरिकहरुको हितलाई प्राथमिकता दिई आन्तरिक र बाह्य लगानीलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

१३. सूचना तथा संचार प्रविधिको अधिकतम प्रयोग उपयोग अधिक्तम गरी सेवा प्रवाहलाई सहयोग, सहज, सरल,छरितो ,पारदर्शी एवम बनाउने नीति लिइनेछ।

१४. विषेश नमुना बस्ती निर्माण गर्दै गाउँपालिकालाई नै नमुना गाउँपालिका बनाउनका लागि **नमूना कृषि र शिक्षा ग्रामिण वस्ती विकास** कार्यक्रम लागु गरिने नीति लिईनेछ।

१५. आ.व. २०७७/०७८ देखि एकिकृत सम्पत्ती करलाई परिमार्जित रुपमा सम्पति कर र भूमिकर लागु गरिने नीति लिइनेछ।

१६. कृषि उत्पादनलाई निर्वाहमुखी नभई व्यवसायीक र वेमौसमी उत्पादनलाई प्राथमिकता दिदै **"अध्यक्ष कृषि तथा पशु सेवा"** कार्यक्रमको नीति लिइनेछ।

१७. शिक्षा क्षेत्रको समग्र सुधारका कार्यक्रमका साथै सबै वडामा माध्यामिक विद्यालय संचालनका लागि यसै आर्थिक वर्ष देखि आधारभुत विद्यालयलाई माध्यामिक विद्यालयमा स्तरोउन्नतिको नीति लिइनेछ ।

१८. "सुत्केरी आमासंग उपाध्यक्ष" कार्यक्रम संचालन गरिनेछ ।

१९. आगामी वर्षमा कम्तीमा पनि एक विद्यालयलाई प्राविधिकधार विद्यालय स्थापना गर्नमा जोड दिइने छ।

**क्षेत्रगत नीति (१). कानूनी शासन सम्बन्धी नीति**

क) स्थानीय शासन प्रक्रियामा नागरिकको समावेशी समानुपातिक र पूर्ण सहभागिता रहने नीति अवलम्बन गरिने छ ।

ख) योजना तर्जुमा, कार्यान्वयनमा अनुगमन तथा मूल्यांकनमा जनताको समावेशी सहभागिताका गराईने नीति लिईने छ ।

ग) जनताका कामलाई प्रभावकारी र पारदर्शि बनाउन गाउँपालिका कार्यालय र सबै वडा कार्यालयहरुमा नागरिक वडापत्र गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिने छ ।

घ) निर्वाचित जनप्रतिनिधी र कर्मचारीको लागि आचार संहित निर्माण गरि लागु गरिनेछ ।
स्वीकृत नीति, कार्यक्रम तथा योजनाहरु, वार्षिक बजेट, आयव्ययको विवरण, निर्माण सम्पन्न आयोजनाहरु तथा स्थानीय राजपत्रमा प्रकाशित कानून, नीति, कार्यविधि, एंव आदेशहरु सञ्चारका मध्यमहरु मार्फत सार्वजनिक गरिनेछ ।

ङ) योजनाहरुको सार्वजनिक सुनवाईका माध्यमवाट परिक्षण गरेर मात्र रकम भुक्तानी गर्ने नीति लिईने छ ।

च) गाँउपालिका आयोजनाहरु एंव गतिविधिहरुको अर्द्ध वार्षिक र वार्षिक रुपमा सार्वजनिक सुनुवाई गर्ने नीति वर्षमा अर्धवार्षिक र वार्षिक समिक्षा गरिनेछ ।

छ) अनुगमनका लागि सूचक तयार पारी अनुगमन पद्धति लाई वैज्ञानिक र यथार्थपरक बनाईनेछ।
सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी र प्रतिस्पर्धी बनाइनेछ ।

ज) स्थानीय स्तरमा उत्पादित बस्तु तथा सेवाको अधिकतम उपयोग गरिने नीति लिईने छ ।

झ) गाउँपालिकामा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने कार्यहरु तथा सेवाको लागि मात्र वाह्य क्षेत्रवाट परामर्श तथा विज्ञ सेवा लिने नीति लिइनेछ ।

ञ) सुचना र संचारको सन्जाल तथा नेटवर्क मार्फत गाउँपालिकाका सुचनाहरुलाई सबै वडा कार्यालयहरु र सर्वसाधारण पहुँचमा पुर्‍याईने नीति लिईनेछ ।

ट) ई-गर्भनेन्स अवधारणा बमोजिम कार्यालयको कामलाई कम्प्यूटराइज्ड प्रणालीमा आवद्ध गरी सेवा प्रवाह चुस्त दुरुस्त वनाउन कार्यालयको काममा कम्प्यूटरको प्रयोगमा जोड दिइनेछ ।

ठ) शासन सुदृढिकरण र व्यवस्थापनका लागि विज्ञको आवश्यकता पर्ने भएकोले चालु आर्थिक देखी व्यवस्थापन गरिने छ ।

ड) उपभोक्ता समितिहरुको लेखा तथा अभिलेख प्रणालीलाई चुस्त दूरुस्त बनाई भ्रष्टाचार शुन्य सहनशिलताको नीति लिईनेछ ।

ढ) गुनासो सुनुवाईको लागि संयन्त्रको व्यवस्था गरी सुधारको क्षेत्रका लागि आवश्यक नीति लिईनेछ ।

ण) गाँउपालिका कार्यालय तथा वडा कार्यालयहरुमा नागरिक सहायता कक्षको स्थापना गरी सेवाग्राहीको सहज पहुँचको नीति लिईनेछ ।

त) केही सार्वजनिक स्थानहरुमा सिसिटिभी र फ्री वाईफाई जडान गरिनेछ ।

### २. तत्थ्याङ्क तथा अभिलेख व्यवस्थापन सम्बन्धी नीति

क) गाउँपालिकाको यथार्थ अवस्था झल्कने GIS (भौगोलिक सुचना प्रणाली) मा आधारित प्रोफाइल (Village Profile) निर्माण गरिनेछ ।

ख) सामाजिक सुरक्षा भत्ता लगायत सवै सेवा प्राप्त गर्ने सेवाग्राहीहरुको लगतलाई अनलाईन प्रणाली मार्फत व्यवस्थित गरी नेपाल सरकारको नीति अनुसार बैकिङ्ग प्रणाली मार्फत भुक्तानी विधिलाई अझ बढी व्यवस्थित गराईनेछ।

ग) गाँउपालिका भित्र क्रियाशिल सरकारी, गैरसरकारी, वित्तीय, सामाजिक, धार्मिक संस्थाहरुको अभिलेख राखी संरक्षण तथा उचित व्यवस्थापन गरिने छ ।

घ) कार्यालयबाट सम्पादित कार्यहरुको अभिलेखलाई कम्प्यूटर प्रणाली लागू गरिनेछ ।

ङ) व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई अनलाईन प्रविधि मार्फत अझ व्यवस्थित बनाईनेछ।

### ३. भौतिक पूर्वाधार विकास सम्बन्धी नीति

क) गाउँपालिकाको दीर्घकालिन र क्षेत्रगत गुरुयोजना निर्माण गरी सोको आधारमा बार्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

ख) सहभागीतामुलक योजना तर्जुमा प्रकृयाको माध्यमबाट योजनाहरुको छनौट गरी प्राथमिकताको आधारमा कार्यान्वयन गरिदैं लगिने छ ।

ग) पूर्वाधार विकासमा बातावरणमैत्री वनाईनेछ ।

घ) सडक, खानेपानी, सिंचाई, ढल निकास, विद्युतीकरण योजनाको लागतमा जनताको सहभागीता अनिवार्य गर्ने निति लिईनेछ ।

ङ) गाउँपालिका भित्रका सबै सडकहरुको स्तरउन्नती गर्दै सडक सञ्जाल विस्तार गरी क्रमशः कालोपत्रे गरिदै लगिनेछ।

च) स्वच्छ खानेपानी, ग्रामिण विद्युतिकरण सेवा विस्तार पुर्‍याउने नीति लिईने छ ।

छ) गाउँपालिकामा भित्र चक्रपथ निर्माण गरिने छ ।

ज) पूर्वाधार निर्माणकार्य भूकम्प प्रतिरोधि नीतिको पालना गरिनेछ ।

झ) यस गा.पा. लाई औधोगिक कोरिडोरको रुपमा विकास गरिने छ।

ञ) सडक निर्माण गर्दा पर्यावरण मैत्री नीति अवलम्बन गरिनेछ ।

ट) एक वडा एक सामुदायिक भवनको अवधारणा लागू गरिनेछ ।

ठ) सडकको दायाँबायाँ रुख रोपी 'ग्रीनेरी सडक' बनाउने नीति अवलम्बन गरिनेछ ।

ड) यस आ.व. सुरु भई सम्पन्न हुन नसकेको अधुरा योजनाहरु सम्पन्न गर्न प्राथमिकता दिईनेछ ।

ढ) बहुवर्षिय योजनामा आवश्यक अनुरुप बजेट व्यवस्था गरिनेछ ।

ण) १२ लाख भन्दा बढी लागत लाग्ने योजना ठेक्का मार्फत गर्ने र ठुलो योजना छनौट हुने प्रबृति रोक्न ठूला योजनामा बजेट विनियोजन गर्ने नीति अवलम्बन गरिनेछ ।

### ४.संस्थागत क्षमता विकास सम्बन्धी नीति

क) गाउँपालिकाको कार्यालय र सवै वडा कार्यलयहरु पूर्वाधार, प्रशासनिक संगठन, सूचना प्रविधिले सुविधा सम्पन्न वनाई सेवाग्राहीमैत्री बनाइनेछ ।

ख) गाउँपालिकाको संगठन संरचना र व्यवस्थापन (O&M) को अध्ययन गरी संरचनात्मक सुधार व्यवस्थापन गरिनेछ साथै O&M सर्भे गरिने छ ।

ग) कम्प्युटर सम्बन्धी गाउँपालिका तथा वडाका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अभिमुखीकरण तालिम

संचालन गरिनेछ ।

घ) गाँउपालिकाका कर्मचारीहरुको लागि कर्मचारी विनियमावली तयार गरी लागू गरिनेछ ।

ङ) जनप्रतिनिधी र कर्मचारीहरुको क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

च) गाउँपालिकाको आवश्यकताका आधारमा स्थानिय गैर सरकारी संस्थाहरु संग सहकार्य गर्ने नीति लिईने छ ।

छ) स्थानीय सामुदायिक संस्थाहरु र सहकारीको क्षमता र विज्ञतालाई अधिकतम परिचालन गर्ने नीति लिईनेछ ।

ज) टोल विकास समितिहरुको गठन गरी सामाजिक तथा अन्य क्रियाकलापहरुमा परिचालन गरिनेछ ।

झ) विकासका लागि गठन हुने उपभोक्ता समिति, सामाजिक क्रियाकलापहरु टोल विकास समितिका माध्यमबाट संचालित गरिने छ ।

ञ) स्थानीय संचार माध्यमसँग साझेदारीमा संचार पैरवी गर्ने र संचारमा आम नागरिकको पहुँच स्थापित गरिने गरी कार्यक्रम संचालन सहयोग गरिने छ । साथै स्थानीय संचार माध्यमहरुको विकासमा ठोस टेवा पुर्याउने नीति लिइने छ ।

ट) VERSP-MIS सफ्टवेयर सम्बन्धी वडाका कर्मचारीहरुलाई तालिम संचालन गरिनेछ ।

ठ) विधुतीय हाजिरी व्यवस्थापन प्रणाली सफ्टवेयर जडान गरिनेछ।

ड) विभिन्न सफ्टवेयर जस्तै (राजश्व,दर्ता चलानी,योजना,जिन्सी,अपाङ्ग परिचयपत्र) लाई जडान गरिनेछ ।

**५. स्वास्थ्य सम्बन्धी नीति**

क) नोभेल कोरोना भाइरस (COVID-19) महामारी रोगको रोकथाम तथा नियन्त्रण र सचेतना कार्यक्रमको लागि वडा नं. १ देखि वडा नं. ६ सम्म गाउँ बस्तीका मानिसहरुलाई जनचेतना कार्यक्रम संचालन गर्ने ।

ख) जानकी गाउँपालिकामा २५ शैयाको अस्पताल स्थापनाको लागि पहल गरिनेछ ।

ग) विशेषज्ञ डाक्टर सहितको निःशुल्क घुम्ती स्वास्थ्य सेवा संचालन नीति लिईने छ ।

घ) मुटु, कलेजो, मृगौला, क्यान्सर जस्ता जटिल रोग लागेका असहाय, विपन्न वर्गका लागी आर्थिक सहयोग उपलब्ध गराउने नीति लिईने छ ।

ङ) गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको अधिकार सुनिश्चित गर्न स्वास्थ्य विमाका लागि नागरिकलाई प्रेरित गरिनेछ ।

च) महिला स्वास्थ्य स्वयंसेविकाहरुको भूमिकालाई थप प्रभावकारी बनाउन प्रोत्साहन भत्ता वृद्धि गर्ने नीति लिईनेछ ।

छ) महिला तथा बालबालिकाको पोषण अवस्था सुधार गर्न विशेष कार्यक्रमहरु बनाई लागु गरिनेछ ।

ज) किशोर किशोरीहरुका लागि प्रजनन स्वास्थ्य, एच.आई.भी. एड्स रोग सम्बन्धि तालिम संचालन गर्ने निति अवलम्बन गरिनेछ ।

झ) स्वस्थ्य गाउँ (**Healthy village**) को अवधारणा अनुसार सूचक तयार गरी लागु गरिने छ ।

ञ) समुदाय स्तरमा स्वास्थ्य सम्बन्धि चेतनामुलक तालिमहरु संचालन गरिनेछ ।

ट) नियमित गर्भवती जाँच तथा स्वास्थ्य संस्थामा बच्चा जन्माउनेलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

ठ) जेष्ठ नागरिक तथा विपन्न परिवारका सदस्यहरुलाई स्वास्थ्य सेवामा पहुँच पुर्याउन उपचारमा लाग्ने शुल्कमा आर्थिक सहयोग गर्ने नीति लिईनेछ ।

ड) रक्त संकलन केन्द्र स्थापनाका लागि नेपाल रेडक्रस सोसाईटी लगायतका संस्थाहरुसंग समन्वय गरिने छ ।

ढ) विरामीहरुको सुविधाको लागि एम्बुलेन्सको व्यवस्था गरिने छ ।

ण) महिला स्वास्थ्य स्वयंसेविकाकोहरुको भूमिकालाई थप प्रभावकारी बनाउन प्रोत्साहन भत्ता वृद्धि गर्ने नीति लिईनेछ ।

त) किशोर किशोरीहरुका लागि प्रजन्न स्वास्थ्य,एच,आई.भी. एड्स रोग सम्बन्धि तालिम संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

थ) समुदायको आवश्यकता पहिचान गरी विशेषज्ञ सहितको निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरिनेछ ।

द) प्रत्येक बर्थिंग सेन्टरमा जाडोबाट जोगाउन Baby Warm Heater को व्यवस्था गरिनेछ ।

ध) प्रत्येक वर्ष उत्कृष्ठ काम गरे वापत महिला स्वास्थ्य स्वयमसेविकालाई पुरस्कृत गरिनेछ ।

न) जानकी गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको भौतिक सुधार गर्दै लिईनेछ ।

प) प्रत्येक वर्ष जेष्ठ नागरिकहरुलाई निशुल्क रुपमा आँखा तथा कान शिविर संचालन गरिनेछ ।

फ) कोभिड-19 का कारण विदेश तथा स्वदेशमा जागिर गुमाएका तथा वेरोजगार युवालाई ब्यवसायिक कृषि तथा पशुपालनमा प्रोत्साहित गर्न युवा स्वरोजगार कार्यक्रम संचालन गरिनेछ ।

ब) कोरोना भाइरस रोकथाम, नियन्त्रण,प्रतिकार्य र उपचारलाई प्रभावकारी बनाउने कार्यलाई उच्च प्राथिमकतामा राखिनेछ ।

**६. राजश्व र वित्तीय व्यवस्थापन नीति**

क) वैज्ञानिक कर प्रणालीको विकास गरिनेछ।

ख) न्यून दर र फराकिलो दायरा सहितको कर नीति अवलम्बन गरिनेछ ।

ग) कर प्रणालीलाई स्वस्छ र पारदर्शी बनाउदै स्वेच्छिक कर बुझाउने परिपाटिको विकास गरिने छ।

घ) लगानी मैत्री कर नीति अवलम्बन गरिने छ।

ङ) आगामी आ.ब लाई राजस्व संकलनको वर्षको रुपमा अगाडि बढाइनेछ।

च) नतीजामा आधारित खर्च व्यवस्थापन तथा वजेट पद्दतीको विकास गरिने छ।

छ) कर अभियान तथा राजस्व प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिने छ।

ज) कर राजस्व सम्बन्धि स्पष्ट कानून, नीति, कार्यविधी र संस्थागत संरचना बनाइने छ।

झ) सबै करदाताहरुको विवरणलाई डिजिटलाइज्ड गरी अद्यावधिक गरिने छ।

ञ) गैर कर राजस्वलाई व्यवस्थित र अनुमान योग्य बनाइनेछ ।

ट) लचिलो कर प्रणाली अवलम्बन गरिनेछ ।

ठ) व्यवसायिक करको दायरा बढाउने र बढी भन्दा बढी व्यवसायीहरुलाई कर तिर्न प्रोत्साहन गर्न ।

ड) सबै करदाताहरुको सहभागितामा राजस्व अभिवृद्धि गरी कुल बजेटमा आन्तरिक आम्दानीको अंश वृद्धि गरिदै लगिनेछ ।

ढ) यस गाउँपालिकाको स्थापना पश्चात हाल सम्म पनि व्यवसाय कर नबुझाएका सबै व्यवसायीहरुलाई अनिवार्य रुपमा कर बुझाउन लगाउने र करोनो भाइरसका भएको लकडाउन समाप्त भएको मितिले एक महिना भित्र नबुझाएमा शत प्रतिशत जरिवाना लगाइनेछ ।

ण) राजस्व संकलन कार्यलाई व्यवस्थित गरी भुक्तानी गर्नुपर्ने कुनै कर शुल्क दस्तुर बाँकी नरहेको आधारमा सेवा सुविधा उपलब्ध गराउने नीति लिइनेछ ।

त) अपाङ्ग, असहाय, अशक्त, दैवी प्रकोप पीडित, ज्येष्ठ नागरिक (दलित ६० वर्ष र अन्य ७० वर्ष माथिका) जस्ता व्यक्तीहरुलाई सम्बन्धित विषयको सिफारिसहरु निःशुल्क उपलब्ध गराईन्छ ।

थ) श्रोत परिचालन र व्यवस्थापनमा गाउँपालिकालाई सक्षम र आत्मनिर्भर बनाउन प्रचलितकानून बमोजिम सकिने राजस्वका सबै श्रोतहरुको वस्तुपरक पहिचान, विश्लेषण, प्रक्षेपण र परिचालन गरिनेछ ।

द) कर, शुल्क, दस्तुर संकलन कार्यलाई प्रभावकारी बनाउन उपयुक्त संयन्त्रको निर्माण र दक्ष जनशक्तिको परिचालन गर्नुका साथै कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धिमा समस्त ध्यान दिनेछ ।

ध) उपभोक्ता समिति मार्फत संचालन हुने कुनै पनि योजनाहरुको सम्झौता हुनु अगावै उपभोक्ता समितिका पदाधिकारीहरुले गाउँपालिकालाई बुझाउनु गर्नु पर्ने कर, शुल्क, दस्तुर चुक्ता अनिवार्य गरिनेछ ।

न) गाउँपालिकालाई नियमित र बढी कर तिर्ने करदातालाई सम्मानित गर्ने कार्यलाई अगाडी बढाइनेछ ।

प) यस गाउँपालिकाले उठाउने कर दस्तुर तथा शुल्कलाई व्यव्थित, पारदर्शी र प्रभावकारी तुल्याउन आवश्यकता अनुसार कार्यविधि निर्देशिका तयार गरी लागु गरिनेछ ।

फ) भौगोलिक सुरक्षा प्रणाली जी.आई.एस. लाई कार्यान्वयनमा ल्याई यस क्षेत्रको सुरक्षा, राजस्व संकलन, सेवा प्रवाह र पूर्वाधार कार्यलाई तथ्यपरक बनाउन प्रयास गर्ने ।

ब) आन्तरिक लेखा परिक्षण प्रणालीलाई वैज्ञानिक बनाईनेछ ।

**७. सामाजिक सुरक्षा सम्बन्धी नीति**

क) श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि निर्माण गरी गरिब तथा विपन्न वर्गको आय आर्जनका कार्यक्रम लागु गर्ने नीति लिईनेछ ।

ख) एकल महिलाका लागि स्वरोजगार तथा आयमुलक तालिम संचालन गराईने नीति लिईनेछ ।

ग) हिंसापिडित महिला, जेष्ठ नागरिक तथा बालबालिकाहरुको उचित व्यवस्थापन गर्ने नीति लिईने छ ।

घ) युवा क्लब,बालक्लव गठन, पुर्नगठन र सवलीकरण गरी भुमिकालाई प्रभावकारी बनाउने नीति लिईनेछ ।

ङ) ८० वर्ष नाघेका ज्येष्ठ नागरिकहरुलाई सम्मान गर्न ज्येष्ठ नागरिक सम्मान कार्यक्रम गर्ने र दैनिक जीवन यापनलाई सहज बनाउन सेवा केन्द्रहरु संचालनमा ल्याउने नीति लिईनेछ ।

च) जोखिमयुक्त र औद्योगिक क्षेत्रमा कार्यरत मजुदरका लागि रोजगारीको सुनिश्चितता, सुरक्षा र प्रोत्साहनका लागि आवश्यक नीति वनाई कार्यान्वयन गरिने छ ।

**८. वातावरण र विपद व्यवस्थापन सम्बन्धी नीति**

क) गाउँपालिकाको विपद् जोखिम व्यवस्थापन योजना निर्माण गरिने छ ।

ख) नीजि वनलाई प्रोत्साहन गर्दै नीजि वन दर्तामा सहुलियत र उत्पादनको सहज विक्रि वितरणका लागि व्यवस्था गरिने नीति बनाइने छ ।

ग) प्लाष्टिक मुक्त गाउँपालिका अभियान संचालन गरिने छ ।

घ) गाउँपालिकाको बातावरणलाई स्वच्छ, सफा, हराभरा र फोहरमैला रहित बनाइनेछ ।

ङ) घरलाई धुँवारहित बनाउने र बाह्य प्रदुषण नियन्त्रणका लागि उद्योग कलकारखानाबाट उत्पादन हुने हानिकारक धुँवा, धुलो र रसायनको उचित व्यवस्थापनका लागि मापदण्ड निर्धारण गरी कार्यान्वयन गराइने छ ।

च) ताल तलैया, खोला नालामा विष, विद्युतीय यन्त्र प्रयोग गरी माछा मार्न पूर्णत प्रतिवन्ध लगाइने छ ।

छ) "हरियो वन स्वास्थ्य धन" नाराका साथ एक घर १०(दश) बिरुवा वृक्षारोपण कार्यक्रमलाई अभियानको रुपमा लगिनेछ।

ज) सार्वजनिक महत्वका सम्पदाहरु, खुल्ला क्षेत्र, पार्क, ताल तलैया, पोखरी, मनोरन्जनस्थल, वनभोज स्थलको संरक्षण गरिनेछ ।

झ) जैविक प्रविधिमा आधारित क्रियाकलापहरुलाई प्रोत्साहन गरिनेछ ।

ञ) गाउँपालिकाको विपद जोखिम व्यवस्थापन योजना निर्माण गरिनेछ ।

**९. कृषि, पशुसेवा,सहकारी तथा उद्योग विकास सम्बन्धी नीति**

क) कृषिमा आधुनिकीकरण र व्यावसायिकरणका लागि कृषकहरुलाई प्रोत्साहन गर्दै साना किसानका लागि विउ विजनमा अनुदान दिईने नीति लिईने छ ।

ख) **"अध्यक्ष कृषि तथा सिँचाइ कार्यक्रम** संचालन गरी कृषियोग्य भूमिमा आधुनिक सिँचाइ प्रणालीबाट सिचाई सुविधा पुग्ने गरी पूर्वाधार निर्माण गर्ने नीति लिईनेछ ।

ग) पुराना सिँचाइ प्रणालीलाई मर्मत संभार तथा पुनर्निर्माण गरी संचालन गरिने नीति लिईने छ ।

घ) गाउँपालिकाका सबै ताल तलैया, पोखरी र पानीका स्रोतहरूको संरक्षण गर्ने नीति लिईने छ ।

ङ) कृषि उपज विक्रिका लागि ६ वटै वडाहरुमा व्यवस्थित आधुनिक कृषि तथा हाट बजारको स्थापना गर्ने नीति लिईने छ ।

च) अर्गानिक तरकारी उत्पादनमा विशेस जोड दिइने छ ।

छ) प्रांगारिक कृषि खेतीका लागि प्रोत्साहन दिने नीति लिईने छ ।

ज) कृषि तथा भेटनरी प्राविधिकहरूले कृषि फार्म तथा कृषकको खेतबारी र गोठमै पुगेर सेवा दिने प्रबन्ध गरिने छ ।

झ) कृषकहरुको क्षमता अभिवृद्धिका लागि कृषक समूहलाई तालिम, भ्रमण लगायतका कार्यक्रम संचालन गरिने छन् ।

ञ) सहकारीको प्रबर्द्धनबाट वस्तु र सेवाको उत्पादन, वितरण र बजारीकरणलाई व्यवस्थित गर्दै **"टोलटोलमा सहकारी, घरघरमा रोजगारी "** नारालाई अवलम्बन गरिने छ ।

ट) स्वरोजगार कोषको व्यवस्था गरी उक्त कोषबाट श्रृण लिन चाहाने युवाहरुलाई कृषिमा आधारित उद्यमका लागि सहुलियत व्याजमा ऋण सहयोग गरिने छ

ठ) बैदेशिक रोजगारीमा जाने युवाहरुको तथ्याङ्क संकलन गरी प्रवासमा रहँदा आर्जन गरेको सीपलाई प्राथमिकीकरणको व्यवस्था गरी फर्किएर आएका श्रमिकलाई स्वदेशमै पेशा व्यवसायमा लाग्न प्रेरित गरिने छ ।

ड) सबै नागरिकलाई वित्तिय क्षेत्रमा पहुँच पु-याउने नीति लिईनेछ ।

ढ) सबै प्रकारका पेशा व्यवसायहरुलाई गाँउपालिका कार्यालय मार्फत दर्ता गर्ने प्रक्रियालाई व्यवस्थित बनाई लागु गरिने छ । व्यवसायहरुको लगत राखि तथ्याङ्क व्यवस्थित गरिनेछ ।

ण) अध्यक्षसंग साना तथा मझौला किसान सुद्धढिकरण कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।

त) पशुपंक्षी बिमालाई सबै वडामा संचालन गर्ने ।

थ) पशु आहारा उत्पादनमा कृषकलाई जागरुक गराउने ।

द) एक घर एक करेसाबारी कार्यक्रम मार्फत पोषण सुधारमा टेवा पुर्याइनेछ ।

ध) सिचाईमा क्रान्ति हराभरा जानकी भन्ने मूलनाराका साथ कृषि योग्य भुमिमा आधुनिक सिचाई प्रणालीबाट सिन्चीत क्षेत्रको विस्तार गरी कृषिजन्य उत्पादनमा वृद्धि गरिनेछ ।

न) संघ,प्रदेश र स्थानीयतहको साझेदारीमा आलु/प्याज/लसुन मिशन कार्यक्रम संचालन गरि आलु/प्याज/लसुन तरकारीमा आत्मनिर्भर गरिनेछ जस्कालागि आलु/प्याज/लसुन जस्ता उत्पादनमा जोड दिईनेछ ।

प) एक वडामा कम्तीमा दुई ठुला बगैचा(आँप,लिच्ची,केरा) स्थापना गरिनेछ ।सोहि आधारमा आगामी दुई वर्ष भित्र फलफुल बगैचा स्थापना गरि कृषकको आयस्तर वृद्धि गर्नेमा सहयोग पुग्नेछ ।

फ) खाद्यन्न तथा तरकारीको बिउबिजन अनुदानमा दिने व्यवस्था मिलाइनेछ ।

ब) सहकारी मार्फत उत्पादन गरिएका तरकारी,फलफुल,माछा मासु, दुग्धजन्य परदार्थ तथा अन्य खाद्यपरदार्थको बजारीकरण र न्यूनतम मुल्यनिर्धारण र खरिदमा ग्यारेन्टीको नीति अवलम्बन गरिनेछ ।

भ) सहकारी विकास मार्फत स्थानीय हाट बजार संचालन गरी तरकारी संकलन केन्द्र,दुध तथा दहि संकलन केन्द्र,माछा तथा मासु संकलन केन्द्र लगाएतका संकलन केन्द्रहरु स्थापना गरिनेछ ।

म) COVID - 19 लाई मध्यनजर राखि सहकारीका सदस्यहरु लाई राहतमुखि ऋण प्रवाह तथा सशक्तिकरण सम्बन्धी क्रियाकलापहरु संचालन गर्ने ।

य) सबै प्रकारका उद्योगहरुको वर्गीकरण गरी अभिलेखीकरण गर्दै दर्ता प्रमाण पत्रको अवधारणा लाई अवलम्बन गरिनेछ ।

र) यस गाउँपालिकालाई "औद्योगिक ग्राम" बनाई उत्पादकत्वमा वृद्धि गर्ने ।

ल) एक वडा एक उत्पादन गर्ने नीति अवलम्बन गरिनेछ ।

व) एक वडा एक पशुपालन स्रोत केन्द्र स्थापना गरिनेछ ।

स) कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी नागरिकको जीवन स्तरमा सुधार गर्ने ।

## १०. शिक्षा, संस्कृति तथा खेलकुद सम्बन्धी नीति

क) कम्तीमा १ वटा प्राविधिक तथा ब्यवसायीक विद्यालय स्थापना गर्ने नीति लिईने छ ।

ख) गाउँपालिकाका सबै वडामा माध्यामिक विद्यालय संचालनका लागि हाल आधारभुत विद्यालय संचालन भएका विद्यालयको स्तरोउन्नती गरिने छ । यसै आर्थिक वर्ष देखि कक्षा ९ संचालन गरिने छ । स्कुल जाने उमेरका सबै बालबालिकाहरु विद्यालय भर्ना गर्न अभिभावकलाई प्रोत्साहित गर्ने नीति लिईने छ ।

ग) स्कुल भर्ना भएर विचैमा छाडने प्रबृतिलाई निरुत्साहित गर्न विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

घ) विद्यार्थीको अनुपातमा शिक्षकको व्यवस्था गर्न स्वयंसेवक शिक्षकहरुलाई विद्यालयहरुमा परिचालित गर्न प्रोत्साहित गरिनेछ ।

ङ) फरक क्षमता भएका बालबालिकाहरुका लागि भौतिक पूर्वाधार तथा शैक्षिक वालमैत्री वातावरण निर्माण गरिनेछ ।

च) कक्षा कोठा र विद्यालयको बातावरणलाई पूर्ण रुपमा बालमैत्री र सिकाई मैत्री बनाउन पहल गरिनेछ ।

छ) शिक्षण सिकाईमा सूचना प्रविधिको प्रयोगलाई जोड दिने नीति लिईनेछ ।

ज) व्यवसायिक तथा प्राविधिक शिक्षामा जोड दिने नीति लिईने छ ।

झ) विद्यालयको नाममा रहेका जग्गाहरु संरक्षण गरी व्यवसायिक कृषि तथा अन्य व्यावसायिक प्रयोजनका लागि उपयोगमा ल्याउने नीति लिईनेछ ।

ञ) उच्च शिक्षा हासिल गर्न चाहने सबै सीमान्तकृत, दलित,अपाङ्ग,आदिवासी,जनजाति, मुस्लिम, मधेसी समुदायका बालिकाहरुलाई विषेश प्रोत्साहन गर्ने नीति लिईनेछ ।

ट) स्थानीय चाड,पर्व,मेला,परम्परा,भाषा,संस्कृतिको प्रवर्द्धन गरिनेछ ।

ठ) सामुदायिक विद्यालयबाट कक्षा १२ उर्तिण भई स्नातक तहमा अध्ययन गर्न चाहने सबै बालिकाहरुलाई अध्ययन सहजताका लागि विशेष प्रोत्साहन गर्ने नीति लिईनेछ ।

ड) कक्षा ८ सम्म अध्ययनरत सबै सीमान्तकृत, दलित, मुस्लिम, मधेसी समुदायका बालिकाहरुलाई विषेश प्रोत्साहन गर्ने नीति लिईनेछ ।

ढ) गाउँपालिकामा रहेका सबै मदरसाहरुको स्तरोन्नती गरिने छ ।

ण) विद्यालयमा आधारित बाल विकासहरुमा दिवा खाजा (डे मिल) व्यवस्थानमा जोड दिइनेछ ।

त) गा.पा.स्तरीय अध्यक्ष कप फुटबल प्रतियोगिता गर्ने नीति लिईनेछ।

थ) उपाध्यक्ष कप महिला भलिबल प्रतियोगिता संचालन गरिनेछ।

द) गाउँपालिका स्तरिय रनिङशिल्ड प्रतियोगिताको आयोजना गर्ने नीति लिईनेछ ।

ध) खेलकुदको विकासको लागि सबै विद्यालयहरुलाई खेलकुदका सामाग्रीहरु प्रदान गर्ने नीति लिईनेछ ।

न) शैक्षिक पात्रोको निर्माण गरि कार्यान्वयन गरिने छ । शिक्षा क्षेत्रमा काम गर्ने संघ संस्था तथा दातृ निकायहरुको सहयोगलाई विद्यालय क्षेत्र विकासका लागि एकिकृत कार्यक्रम बनाई परिचालन गर्ने व्यवस्था मिलाइने छ

प) विद्यार्थीहरूलाई देशको विविध क्षेत्रको आर्थिक, सामाजिक, सास्कृतिक आदि अवस्थाको अनुभव गराउन सम्बन्धित क्षेत्रहरूको अध्ययन अवलोकन भ्रमणलाई प्रोत्साहत गरिने छ ।

फ) विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक संघको क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन नीति लिईनेछ ।

ब) स्थानीय कला संस्कृतिको संरक्षण र प्रवर्धन गरिनेछ ।

भ) खेलहरु आयोजना गर्न सकिने क्षमताका कर्भड हलसहितको खेल मैदान सहित अन्य खेल मैदानको निर्माण र स्तर उन्नती गर्ने नीति लिईने छ ।

म) सबै खेलकुद क्लबहरुको क्षमता अभिवृद्धिका लागि प्रशिक्षण तथा खेल सामाग्री सहितको सहयोग उपलब्ध गराइने छ ।

य) सूचना प्रविधिको उच्चतम उपयोग गरी अध्यापन कार्यलाई गतिशील बनाइने छ ।

र) शैक्षिक महोत्सव र अतिरिक्त क्रियाकलापमा विशेष जोड दिईने छ ।

ल) पालिकाका जनप्रतिनिधि,शिक्षक,अभिभावक,समाजसेवी,शिक्षाप्रेमी,चन्दाता संस्थापक लगायतको प्रतिनिधित्व हुने गरी विद्यालय व्यवस्थापन समिति गठन गर्ने व्यवस्था मिलाउन कानूनी सुधार गरिनेछ ।

व) हालको शैक्षिक गुणस्तर सुधारका लागि पालिका तथा विषय विज्ञहरु परिचालन गरी प्रत्येक ४/४ महिनामा सबै विद्यालय र शिक्षकको कक्षा अवलोकन गराउने नीति लिईनेछ ।

स) **"हरित विद्यालयः जन्मघर पछिको दोश्रो घर स्वस्थ र स्वच्छ बिद्यालय बनाउने हाम्रो रहर"** मुल नाराका साथ प्रत्येक विद्यालयलाई हरित र सुन्दर विद्यालय बनाउने कार्यलाई अभियानका रुपमा संचालन गरिनेछ ।

ष) दरबन्दी मिलान भइ स्थायी शिक्षक नियुक्ति/सरुवा/बढुवाबाट नआउदासम्म विद्यालयमा बिद्यार्थी संख्याका आधारमा आवश्यकतानुसार स्वयमसेवक शिक्षकको नियुक्ति पदस्थापना तथा परिचालनका लागि कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ ।

## ११. सुशासन तथा सेवा प्रवाह

क) कार्यालयमा उत्कृष्ट कार्य गर्ने एक जना कर्मचारीलाई प्रत्येक वर्ष पुरस्कृत गर्ने परिपाटीको विकास गरिनेछ ।

ख) जनशक्तिलाई समय सापेक्ष दक्ष तथा प्रविधियुक्त बनाई काम गर्न उत्प्रेरित गरिनेछ ।

ग) कर्मचारीहरुको उच्च मनोबल बनाई सेवाग्राही मैत्री कर्मचारीतन्त्रको विकास गरिनेछ ।

घ) समय सापेक्ष अवलोकन,तालिम तथा प्रशिक्षण मार्फत कर्मचारीहरुको कार्यशैलीमा सुधार ल्याईनेछ ।

ङ) स्थानीय तहका कर्मचारीको बृत्ति विकासको लागि एक स्थानीय तह कर्मचारी कल्याणकारी कोष स्थापना गरिनेछ ।

च) वर्तमान कर्मचारीतन्त्रलाई सेवामुखी,नतिजामुखी,पारदर्शी र जवाफदेही बनाईनेछ ।

## १२. कानुनी र सुरक्षा सम्बन्धी नीति

क) न्यायिक समिति मार्फत छिटो छरितो र सबैको पहुँचमा पुग्ने गरी न्याय दिनका लागि आवश्यक श्रोत र साधनको व्यवस्था गरिने छ ।

ख) गाउँपालिकाको आफ्नो सेवा प्रवाह र विस्तारका लागि आवश्यक पर्ने कानून, ऐन, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका, आदेश आदि तयार गरी लागु गरिने छ ।

ग) गाउँपालिका भित्र आवश्यकता अनुसार प्रहरी चौकी स्थापना गर्नुका साथै गाउँपालिकाका सबै प्रहरी चौकिको भौतिक सुविधा सम्पन्न गर्दै स्तरोन्नतीको पहल गर्दै विभिन्न चोकहरुमा प्रहरी विट राख्ने समन्वय गरिनेछ ।

घ) मेलमिलाप केन्द्रहरुलाई अझ बढी प्रभावकारी बनाउने ।

ङ) गाउँपालिकाका केही महत्वपूर्ण स्थानहरुमा सीसी क्यामरा जडान गरी आपराधिक गतिविधि नियन्त्रण गर्न सघाउने ।

**१३. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धी नीति**

क) COVID-19 को कारण बाट वैदेशिक रोजगारीमा जान नपाएका तथा विदेश बाट फर्किन बाध्य भएका ब्यक्तिहरुलाई सूचीकृत गरी विशेष प्राथिमकता साथ रोजगारी प्रदान गरिनेछ ।

ख) रोजगार सेवा केन्द्रलाई थप सुधार गरी श्रम बैंकको रुपमा स्थापित गरिनेछ ।

ग) यस गाउँपालिका भित्र बसोवास गर्ने अति विपन्न परिवारहरुको पहिचान गरी न्यूनतम आवश्यकता बाट बन्चित नहोउन भन्ने उदेश्यले आन्तरिक रोजगारी र स्वरोजगारीमा संलग्न गराउने नीति लिईनेछ ।

**१४.महिला,बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धी नीति**

क) लैंगिक तथा घरेलु हिंसा,यौन शोषण लगायत जोखिममा परेका बालबालिका अपांगता एकल महिला यौनिक तथा लैंगिक अल्पसंख्यकहरुलाई दृष्टिगत गरि अवसर र हित प्रवद्धन सम्बन्धी विशेष कार्यक्रम संचालन गरिनेछ ।

ख) जेष्ठनागरिक मिलन केन्द्र संचालन गरिने नीति अवलम्बन गरिनेछ ।

ग) स्थानीय र प्रदेश सरकारको साझेदारीमा अपांगता नागरिक ग्राम स्थापना संचालन गरिनेछ ।

घ) पूर्ण तथा अतिअशक्त अपांगता भएका ब्यक्तिहरुको हेरचाह सम्बन्धी व्यवस्थापनका लागि कार्यविधि तथा मापदण्ड तयार गरी कार्यन्वयन गरिनेछ ।

ङ) बालविवाह अन्त्यका लागि वार्षिक योजना तयार गरि कार्यान्वयन गरिनेछ ।

च) "सुत्केरी संग उपाध्यक्ष" कार्यक्रम मार्फत अति विपन्न सुत्केरी महिलालाई सहयोग गर्ने नीति लिईनेछ ।

अन्तमा यस गाउँपालिकाको आ.व.२०७७/७८ को नीति तथा कार्यक्रम तयार गर्नमा महत्वपूर्ण सल्लाह सुझाव दिई सहयोग गर्नुहुने गा.पा. उपाध्यक्ष ज्यू , प्रमुख प्रशासकीय अधिकृत ज्यू, अन्य सबै कर्मचारीहरु,जनप्रतिनिधि ज्यूहरु,सल्लाहकार ज्यूहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधि ज्यूहरु,पूर्व जनप्रतिनिधि ज्यूहरु,संचारकर्मी साथीहरु लगायत आ-आफ्नो क्षेत्रबाट महत्वपूर्ण सल्लाह-सुझाव दिनुहुने सबै महानुभावहरु प्रति आभार ब्यक्त गर्दै आगामी दिनहरुमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु । यस नीति तथा कार्यक्रम ब्यापक रुपमा छलफल गरी रचनात्मक सुझावको समेत अपेक्षा राखेको छु ।

धन्यबाद

अध्यक्ष

राम निवास यादव

जानकी गाउँपालिका बाँके